# एमालेमा श्रमिक-समावेशीकरण

"रुपान्तरण सम्भव छ !"

नेकपा (एमाले) को आठौं राट्रिय महिधवेशन स्थलमा निर्मित गणतन्त्र स्तम्भमा लेखिएको यो वाक्यले पार्टी र सिङ्गो नेपाली समाजको रुपान्तरणप्रतिको हाम्रो उत्कट चाहनालाई विम्वित गर्दछ । र त्यसको शुरुवात भयो, नयाँ नेतृत्व निर्वाचन प्रकृया मार्फत!

लोकतन्त्रको स्थापनाले हाम्रो देशमा पनि सिंगो युरोपमा फ्रान्सेली राज्य क्रान्तिले जस्तै एक प्रकारको नयाँ जागरण ल्यायो । विसौं शताव्दी भरी नेपालीले लडेका सबै आन्दोलन भन्दा यो आन्दोलन धेरै हिसावले पृथक रह्यो ।

'समानता' र 'पहिचान' दुबै विषय समसामयिक नेपाली समाजमा विद्यमान द्वन्द्वका आयामको रुपमा यसले नै सतहमा ल्यायो ।

रुपान्तरणको अर्को अर्थ जारी द्वन्द्वको संवोधन नै हो । त्यसैले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको सन्दर्भमा सामाजिक रुपान्तरणको अर्थ- उल्लेखित ५ तहका द्वन्द्वलाई रुपान्तरण गर्ने गरी विद्यमान सामाजिक संरचनालाई फेर्नु हो- स्रोत, शक्ति र अवसरमा सबै नागरिकहरुको समान तथा न्यायपूर्ण पहुँच स्थापित गर्नु हो ।

आजको समकालिन नेपाली समाजको अन्तरविरोध "केवल वर्ग संरचनामा मात्र आधारित भने ठान्नु हुन्न, जात जाती, क्षेत्र र जेण्डर विषयलाई पनि समाजको संरचना भित्र द्वन्द्व र समस्या उत्पन्न गर्ने महत्वपूर्ण तत्वको रुपमा लिनु पर्छ" भन्ने निस्कर्ष निकालेका थियौं । हामीले भनेका थियौं- "जातजातीको सन्दर्भमा छुआछुत र दलितको समस्या, क्षेत्रको सन्दर्भमा अगुवा पूर्वेली र पछौटे मध्य तथा सुदूर पश्चिम र मधेसी-पहाडे समस्या र जेण्डर विषयमा महिला पुरुष विभेदका समस्या प्रमुख छन् । .... ... यसरी वर्गलाई केन्द्रमा राखेर जेण्डर, जात-जाती, क्षेत्र समेत सन्तुलित गरी समाजलाई कसरी सकारात्मक दिशातिर हिंडाउने भन्ने समस्या समकालिन नेपाली समाजले सामना गरिरेहको छ ।"

सामाजिक रुपान्तरणको सन्दर्भमा चौथो राष्ट्रिय महाधिवेशनमा हामीले निकालेको निस्कर्ष आज पनि उपयुक्त नै देखिन्छ । २०६२।६३ को जनविद्रोह पछि "सामाजिक उत्पीडन"को पक्ष तातो विषयको रुपमा देखिएको छ । यसको बहु-आयामलाई "सबै जाति, जनजाति, वर्ग र समुदायमा पुरुषबाट महिलाहरु उत्पीडित, हिन्दू धर्म आधारित जातिय विभाजनबाट "दलित"हरु उत्पीडित, 'विकसित' जातिबाट आदिवासी-जनजातिहरु उपेक्षित हुने, पहाडेबाट मधेसी, सुगम शहरबाट दुर्गम गाउँ हेपिएको स्थिति"को रुपमा व्याख्या गर्ने गरिएको छ ।

यो समस्यालाई हल गर्न "समावेसीकरणबाट रुपान्तरण" को फर्मुलाको चर्चा गर्ने गरिएको छ । जसको विस्तृतिकरण हो- एक जाति-एक भाषा-एक संस्कृतिको नाममा नागरिक-नागरिक बीच भेदभाव गर्ने र अल्प संख्यामा रहेकाहरूको पहिचान मेट्ने तथा पाखा पार्ने शासन व्यवस्थाको सट्टा

लैंगिक-जातीय-भाषिक र क्षेत्रीय समावेशीकरण सहितको सहमतिमा आधारित समाज व्यवस्थाको स्थापना !

तर समावेशीकरण र प्रतिनिधित्व पनि राजनीतिक दलहरुको माध्यमबाटै हुनुपर्दछ । किनकी दल भनेको वर्गको प्रतिनिधि संस्था हो, वर्ग-पक्षधरता विनाको दल निहित स्वार्थ बोकेका व्यक्ति वा समूहको अस्थायी मोर्चा मात्र हो । वर्गीय पक्षधरता "वैचारिक-सैद्धान्तिक" पक्ष हो भने जातीय/क्षेत्रीय/लैङ्गक पक्ष चाँहि "पहिचान"को विषय मात्र हो । 'वर्ग'ले सिंगो राष्ट्रलाई एकै ठाँऊमा जोड्छ, 'जातीय/क्षेत्रीय/लिंगिय' विभाजनले समुदाय र क्षेत्रका नागरिक बीच 'पहिचान'को रेखांकन मात्र गर्छ ।

अहिले अधिकतम अधिकार हुनेको साधन र स्रोत माथि पूर्ण नियन्त्रण छ, अर्कातिर अधिकार बिहिनहरुको साधन र स्रोतमा नियन्त्रण शून्य छ । यस्तो सामाजिक-आर्थिक पिरामीड परिवर्तन नगरेसम्म अर्थतन्त्रको रुपान्तरण हुंदैन । ठालूहरुको भने सम्पत्ति चुलिंदै जाने, गरीब श्रमजीवी भने दिनदिनै खिइदै जाने असमान शोषणमूलक राज्यको सट्टा सम्पूर्ण नागरिकहरूको आधारभूत अधिकार समान रूपले रक्षा गरिने सामाजिक न्यायमा आधारित कल्याणकारी राज्यको स्थापना गर्नु भने कै अहिलेको अर्थतन्त्रको रुपान्तरण हो । यो, राष्ट्रिय आयको पुनरवितरणबाट मात्र संभव छ । उच्च आय भएकाहरुमा प्रगतिशिल कर लगाई राष्ट्रिय ढुकुटीको आकार बढाउने, त्यसबाट राज्यले आम नागरिकलाई सामाजिक सुरक्षाको प्याकेज मार्फत आधारभूत आवस्यकताको ग्यारेन्टी गर्ने र न्यून आय भएकाहरुलाई राहत तथा कल्याणकारी काम मार्फत सामाजिक सहायता प्रदान गर्नु रुपान्तरित अर्थतन्त्रको प्रवृत्ति हो । गरिब जनतालाई समानताको अनुभुती दिन अबको राज्यले जनताका आधारभूत आवस्यकताका ९ वटा मागहरु- 'गाँस, वास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा, सडक, पानी र विजुली' लाई पूरा गर्न सक्नुपर्छ ।

यसलाई हामी "आर्थिक समावेशीकरण" भन्न सक्छौं । सामाजिक समावेशीकरणले लैगिक जाति-जनजाति र क्षेत्रीयताका विषयको संवोधन तथा प्रतिनिधित्व गरे झैं आर्थिक समावेशीकरणले वर्गिय प्रतिनिधित्व र वर्गिय विषयको संवोधन गर्छ । वर्गीय द्वन्द्वलाई संवोधन नगरी अर्थतन्त्रको रुपान्तरण हुनै सक्दैन । श्रमिकहरुले अर्थतन्त्रको रुपान्तरण विना आधारभूत परिवर्तनको महसुस गर्नै सक्दैनन् ।

ज्ञान र शीपले फरक फरक र आयको आधारमा विभिन्न उपसमूहमा बाँडिए पनि सामान्य अर्थमा 'पारिश्रमिक लिएर काम गर्नेहरु सबै नै श्रमिक' हुन् । सिंगो जनसंख्या र काममा संलग्न सबैको समान अधिकार, समान अवसर र साधन श्रोत माथि समान नियन्त्रणको अवस्था कायम गर्नु अर्को अर्थमा विद्यमान अर्थतन्त्रको रुपान्तरण गर्नु हो, राज्यको विद्यमान चरित्र परिवर्तन गरी पूँजी-पक्षधरताबाट कम्तिमा पनि श्रम र पूँजी बीच संतुलित व्यवहार गर्ने प्रणालीको स्थापना गर्नु हो ।

लोकतन्त्र सहभागितामूलक र समावेशी हुँदा आम नागरिकहरुको स्रोत, शक्ति र अवसरमा पहुँच स्थापित हुनसक्छ । तर श्रमिकका‍लागि लोकतन्त्र सुनिश्चित गर्न कार्यथलोको लोकतान्त्रिकरण उत्तिकै अनिवार्य हुन्छ । मर्यादित कामको अभावमा कार्यथलोको लोकतान्त्रिकरण असम्भव हुन्छ ।